सूचना २

अन्तःशुल्क (एक्काइसौं संशोधन) नियमावली, २०७७

अन्तःशुल्क नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अन्तःशुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "अन्तःशुल्क (एक्काइसौं संशोधन) नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **अन्तःशुल्क नियमावली, २०५९ को नियम १३ग. मा संशोधनः** अन्तःशुल्क नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १३ग. मा रहेका "अनुसूची-४ङ. बमोजिमको ढाँचामा" भन्ने शब्दहरुको सट्टा "सूर्तिजन्य पदार्थ बाहेक स्वयं निष्काशन प्रणाली अन्तर्गतका प्रतिष्ठानले अनुसूची-४ङ. बमोजिमको ढाँचामा र सूर्तिजन्य पदार्थ र भौतिक नियन्त्रण प्रणाली अन्तर्गतका प्रतिष्ठानले अनुसूची-४च. बमोजिमको ढाँचामा" भन्ने शब्दहरु राखिएका छन्।

३. **मूल नियमावलीको नियम २३क. मा संशोधनः** मूल नियमावलीको नियम २३क. को,-

(१) उपनियम (१) मा रहेका "अन्तिम रुपमा बोतल बन्दी गर्दा फ्लोमिटरले देखाएको परिमाण भन्दा बोतल बन्दी भएपछिको बोतल काउण्टरले देखाएको परिमाणको मौज्दात कमी र" भन्ने शब्दहरु झिकिएका छन्।

(२) उपनियम (२) मा रहेका "फ्लोमिटरले देखाएको परिमाण भन्दा बोतल बन्दी भए पछिको बोतल काउण्टरले देखाएको परिमाणको मौज्दात कमी भएमा बढीमा १.५ प्रतिशत सम्म र" भन्ने शब्दहरु झिकिएका छन्।

४. **मूल नियमावलीमा नियम २३ख. थप:** मूल नियमावलीमा नियम २३क. पछि देहायको नियम २३ख. थपिएको छः-

"२३ख. पुरानो तयारी मदिराको पुनः प्रशोधन गर्न स्वीकृति लिनु पर्ने: बिक्री वितरण गरी फिर्ता आएको वा बिक्री नभई गोदाममा रहेका पुरानो तयारी मदिरालाई पुनः प्रशोधन गरी मदिरा उत्पादन गर्न चाहने इजाजतपत्रवालाले विभागको पूर्व स्वीकृति लिई मदिराको पुनः प्रशोधन गर्न सक्नेछ।"

५. **मूल नियमावलीको नियम २८ मा संशोधन:** मूल नियमावलीको नियम २८ को उपनियम (१) मा रहेको प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

६. **मूल नियमावलीको नियम ३० मा संशोधन:** मूल नियमावलीको नियम ३० को उपनियम (२) मा रहेका "त्यसरी बोतलबन्दी गरेपछि प्रतिष्ठानले प्रत्येक बोतलको

बिर्कोमा पर्ने गरी अन्तःशुल्क टिकट टाँसी कार्टुनमा राखी गोदाममा भण्डारण गर्नु पर्नेछ" भन्ने शब्दहरुको सट्टा "त्यसरी बोतलबन्दी गरेपछि विभागले तोकेबमोजिम प्रतिष्ठानले प्रत्येक बोतलको बिर्कोमा पर्ने गरी वा कार्टुनमा अन्तःशुल्क टिकट टाँसी गोदाममा भण्डारण गर्नु पर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

७. **मूल नियमावलीको नियम ३५ मा संशोधनः** मूल नियमावलीको नियम ३५ मा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "अर्थ मन्त्रालयले" र "आवश्यकतानुसार अनुसूचीमा" भन्ने शब्दहरुको सट्टा "अनुसूची-२ बाहेकका अनुसूचीहरुमा" भन्ने शब्दहरु राखिएका छन्।

८. **मूल नियमावलीको अनुसूचीमा संशोधनः** मूल नियमावलीको,-

(१) अनुसूची -१ को ठाउँ ठाउँमा रहेका "म.", "उ.म.न.पा." र "न.पा." भन्ने शब्दहरुको सट्टा क्रमशः "महानगरपालिका", "उपमहानगरपालिका" र "नगरपालिका" भन्ने शब्दहरु राखिएका छन्।

(२) अनुसूची -२ मा देहायको सि.नं. ५. थपिएको छः-

"५. यस अनुसूची बमोजिमको दस्तुर औद्योगिक व्यवसाय ऐन, २०७६ को अनुसूची-१० मा उल्लेख भएका अति अविकसित क्षेत्रका फलफूलमा आधारित वाइन एवं मदिरा उद्योगको हकमा पचहत्तर प्रतिशतले कम दस्तुर लाग्नेछ ।"

(३) अनुसूची -२ मा रहेको द्रष्टव्य खण्ड झिकिएको छ ।

(४) अनुसूची -४क. मा रहेका "नियम ६क. को उपनियम (१) को खण्ड (ग) सँग सम्बन्धित" भन्ने शब्दहरुको सट्टा "नियम ६क. को उपनियम (१) सँग सम्बन्धित" भन्ने शब्दहरु राखिएका छन् ।

(५) अनुसूची -४ख. को ठाउँ ठाउँमा रहेका "आदेश जारी भएको मितिले" भन्ने शब्दहरुको सट्टा "आदेश प्राप्त भएको मितिले" भन्ने शब्दहरु राखिएका छन्।

(६) अनुसूची -४ङ. को सट्टा संलग्न बमोजिमको अनुसूची -४ङ. राखिएको छ ।

९. **मूल नियमावलीमा अनुसूची थप:** मूल नियमावलीको अनुसूची-४ङ. पछि मा संलग्न बमोजिमको अनुसूची -४च. थपिएको छ ।

पारिभाषिक

"अनुसूची -४ङ.
(नियम १३ग. सँग सम्बन्धित)
(सूर्तिजन्य पदार्थ बाहेक अन्य स्वयं निष्कासन प्रणाली अन्तर्गतका प्रतिष्ठानका लागि)

अन्तःशुल्क विवरण फाराम

वर्ष ....महिनाः....														
स्थायी लेखा नम्बर														
अन्तःशुल्क इजाजत														

नाम ______________________

ठेगाना ______________________

वस्तु वा सेवाको नाम :______________ अन्तःशुल्क दर __________

यदि यस अवधिमा कारोबार नगरेको भए तलको महलमा शून्य राखेर विवरणमा हस्ताक्षर गर्नुहोस् । एक रुपैयाँभन्दा घटी भएमा पैसालाई एक रुपैयाँमा मिलान गरी विवरण भर्नु होला ।

	कारोबार मूल्य	खरिदमा तिरेको अन्तःशुल्क	खरिदमा तिरेको अन्तःशुल्क क्रेडिट	बिक्रीमा संकलन गरेको अन्तःशुल्क डेबिट
१. बिक्री				
१.१ अन्तःशुल्क योग्य बिक्री				
१.२ निकासी				
२. खरिद / पैठारी				
२.१ अन्तःशुल्क योग्य कच्चा पदार्थ खरिद				
२.२ अन्तःशुल्क योग्य अन्य पदार्थ खरिद				
२.३ अन्तःशुल्क योग्य कच्चा पदार्थ पैठारी				
२.४ अन्तःशुल्क योग्य अन्य				

पदार्थ पैठारी				
२.५ छुट खरिद				
२.६ छुट पैठारी				
३. अन्य				
३.१ अन्य थपघट				
४. जम्मा				

५.डेबिट—क्रेडिट (+) वा (-) ....

६. गत महिनाको मिलान गर्न बाँकी क्रेडिट.......................................

७. कुल तिर्नु पर्ने अन्तःशुल्क रु.(५—६) ....

८. कर फिर्ता माग गरिएको रकम (निकासीको आधारमा).........

९. कर अवधिमा प्रयोग गरिएका कागजातहरुको संख्याः ....

प्रकार	बीजकको शुरु सङ्ख्या	बीजकको अन्तिम सङ्ख्या	जम्मा बीजक सङ्ख्या
प्राप्त बीजक			
जारी गरिएको बीजक			
क्रेडिट नोट			
डेबिट नोट			

म, ———————(पूरा नाम) यस विवरणमा उल्लेख गरिएको जानकारी सत्य र पूरा भएको व्यहोरा प्रमाणित गर्दछु ।

मिति ——————————————

हस्ताक्षर ————————————

पद ——————————————

कार्यालय प्रयोजनको लागि मात्र

कम्प्युटर दर्ता
मिति ..../......../..........   ....
अन्तःशुल्क अधिकृत

नोटः परिमाणको आधारमा अन्तःशुल्क लाग्ने वस्तुको कारोबार गर्ने इजाजतपत्रवालाले शुरु मौज्दात, उत्पादन, बिक्री तथा अन्तिम मौज्दातको परिमाणात्मक विवरण समेत यस विवरणसाथ संलग्न गर्नु पर्नेछ ।"

"अनुसूची -४च.

(नियम १३ग. सँग सम्बन्धित)

(सूर्तिजन्य पदार्थ तथा भौतिक नियन्त्रण प्रणाली अन्तर्गतका प्रतिष्ठानका लागि)

अन्तःशुल्क विवरण फाराम

वर्ष ....महिनाः........	१	२	३	४	५	६	७	८	९	१०	११	१२
स्थायी लेखा नम्बर												
अन्तःशुल्क इजाजत नम्बर												

नाम ____________________

ठेगाना ____________________

वस्तु वा सेवाको नाम : ____________________ अन्तःशुल्क दर ____

यदि यस अवधिमा कारोबार नगरेको भए तलको महलमा शून्य राखेर विवरणमा हस्ताक्षर गर्नुहोस् । एक रुपैयाँभन्दा घटी भएमा पैसालाई एक रुपैयाँमा मिलान गरी विवरण भर्नु होला ।

	कारोबार मूल्य	खरिदमा तिरेको अन्तःशुल्क	खरिदमा तिरेको अन्तःशुल्क क्रेडिट	बिक्रीमा संकलन गरेको अन्तःशुल्क डेबिट
१. बिक्री				
१.१ अन्तःशुल्क योग्य बिक्री				
१.२ निकासी				
२. खरिद / पैठारी				
२.१ अन्तःशुल्क योग्य कच्चा पदार्थ खरिद				
२.२ अन्तःशुल्क योग्य अन्य				

पदार्थ खरिद				
२.३ अन्तःशुल्क योग्य कच्चा पदार्थ पैठारी				
२.४ अन्तःशुल्क योग्य अन्य पदार्थ पैठारी				
२.५ छुट खरिद				
२.६ छुट पैठारी				
३. अन्य				
३.१ अन्य थपघट				
३.२ खपत भएको कच्चा पदार्थमा तिरेको अन्तःशुल्क क्रेडिट				
४. जम्मा				

५. डेबिट–क्रेडिट (+) वा (-) ....

६. गत महिनाको मिलान गर्न बाँकी क्रेडिट.......................................

७. कुल तिर्नु पर्ने अन्तःशुल्क रु.(५–६) ....

८. कर फिर्ता माग गरिएको रकम (निकासीको आधारमा):.........................

९.कर अवधिमा प्रयोग गरिएका कागजातहरुको संख्याः ....

प्रकार	बीजकको शुरु सङ्ख्या	बीजकको अन्तिम सङ्ख्या	जम्मा बीजक सङ्ख्या
प्राप्त बीजक			
जारी गरिएको बीजक			
क्रेडिट नोट			

डेबिट नोट			

म, ——————————पूरा नाम) यस विवरणमा उल्लेख गरिएको जानकारी सत्य र पूरा भएको व्यहोरा प्रमाणित गर्दछु ।

मिति ——————————————

हस्ताक्षर ——————————————

पद ——————————————

कार्यालय प्रयोजनको लागि मात्र

कम्प्युटर दर्ता

मिति ..../...../.............

....

अन्तःशुल्क अधिकृत

नोटः परिमाणको आधारमा अन्तःशुल्क लाग्ने वस्तुको कारोबार गर्ने इजाजतपत्रवालाले शुरु मौज्दात, उत्पादन, बिक्री तथा अन्तिम मौज्दातको परिमाणात्मक विवरण समेत यस विवरणसाथ संलग्न गर्नु पर्नेछ ।"

आज्ञाले,
रामशरण पुडासैनी
नेपाल सरकारको सचिव ।

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.हु.द.नं. १६।२०६२।६३